# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

बालुवाटार, काठमाडौं

**सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७४।०७।२१)

यस वित्तीय संस्थाको मिति २०७४ साल कार्तिक २० गते सोमवार बसेको सञ्चालक समितिको २७६ औं बैठकको निर्णय अनुसार सोह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७४ मंसिर १५ गते शुक्रबार

समय : बिहान १०:०० बजे

स्थान : लैनचौर बैङ्क्वेट्स, लैनचौर, काठमाडौं ।

**छलफलका विषयहरू**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७३/७४ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण पारित गर्ने ।

३. आ.व. २०७३।७४ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ११.५७८९(दशमलब पछिको चार अंक मात्र लिइएको) प्रतिशतले हुन आउने रकम रु.४,८५,११,५०५।- नगद लाभांश (बोनस सेयर र नगद लाभांशको कर सहित) सेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम सेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (यस प्रयोजनको लागि वर्तमान लेखापरीक्षक श्री बि आर एस न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्स पुन: नियुक्त हुन सक्नेछन् ।)

**ख) विशेष प्रस्ताव**

१. वित्तीय संस्थाको नाम परिमार्जन गर्ने र सोही बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (१) मा भएको व्यवस्था बमोजिम संचालकको संख्या कायम गर्ने र सोही अनुसार हुने गरी प्रबन्ध पत्र र नियमावलीका सम्बन्धित दफा/नियमहरुमा आवश्यक संशोधन गर्ने ।

३. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७३।७४ सम्मको मुनाफाबाट चुक्ता पूँजीको २० प्रतिशतले हुने रकम रु.८,३७,९२,६०० ।- बराबर बोनस सेयरलाई सेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम सेयरधनीहरुले पाउने गरी जारी गर्ने र सो बोनस सेयर जारी गर्दा हुन आउने दशमलब पछिको भिन्न अंक (फ्याक्सन)मा रहने सेयरलाई वर्तमान सेयरमा रहेको भिन्न अंकमा जोडेर पूर्ण अंक बनाउन नपुग रकम नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरेर पूर्ण सेयरमा परिणत गर्दा हुन आउने रकम र प्रबन्धपत्रमा उल्लेखित सेयर स्वामित्व (सेयर ग्रहण अनुपात) कायम राख्न नपुग हुने आवश्यक रकमलाई समेत सोही बोनस सेयरमा जोडेर जारी गर्न स्वीकृत गर्ने ।

४. हालको जारी तथा चुक्ता पूँजी रु.४१,८९,६३,०००।– मा उपरोक्त बमोजिम जारी गरिने बोनस सेयर थप गर्दा हुन आउने रकम बराबर हुने गरी जारी तथा चुक्ता पूँजी कायम गर्ने ।

६. प्रबन्धपत्रको दफा १, दफा ८, दफा १० तथा नियमावलीको नियम १, नियम ८, नियम १०, नियम १६ र नियम १७ संशोधन गर्ने ।

७. प्रबन्ध पत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

.................................

चन्द्रमणि चौलागाँई

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सोह्रौं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०७४/०७/२८ गतेदेखि सभाको मिति (२०७४/०८/१५ गते)सम्म बैंकको सेयर दाखिल खारेज बन्द रहनेछ ।

२. बैंकको संक्षिप्त वार्षिक आर्थिक बिवरण सहितको वार्षिक साधारण सभाको सूचना सेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंबाट वा बैंकको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

३. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा सभा सुरू हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि (२०७४ साल मंसिर १२ गते ११:०० बजेसम्म) दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति बैंकको सेयरधनी हुनु आवश्यक छ । एक सेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछन् ।

४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा सेयर दर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

५. नाबालक वा विक्षिप्त सेयरधनीहरूको तर्फबाट बैंकको सेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।

६. सभामा उपस्थित हुने सेयरधनीहरूले बैंकको सेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (सेयर अभौतिकिकरण नगरेका सेयरधनीको हकमा सक्कल सेयर प्रमाण पत्र) र यी दुईमध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

७. सभामा भाग लिने सेयरधनी महानुभावले सभा हुने स्थानमा सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

८. सुरक्षाको दृष्टिकोणले सेयरधनी महानुभावहरू सभास्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंको फोन नं. ०१-४४३४९२१/०१-४४३४९२२ फ्याक्स नं. ०१-४४१५२५ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।